म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष १२, अंक ६५ बुधबार २६ असोज २०७९ ने. सं. ११४२ कौलागा 12 October, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घर तथा फ्ल्याट भाडामा

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले स्वेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

दशैंपछि पनि ठगिँदै छन् सुमोका यात्रु

● यात्रुकै कारण प्रहरीलाई तनाव ● यात्रुले प्रमाण नदिँदा कारबाहीमा समस्या

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गमा सञ्चालन हुने साना सवारी सुमोहरुबाट अझै पनि सोझा यात्रुहरु ठगिँदै आएको तथ्य बाहिरिएको छ ।

हेटौंडा नगरभित्र ट्राफिक व्यवस्थापनलाई समेत अस्तव्यस्त बनाउँदै सञ्चालन भइरहेका सुमो काउन्टरहरुबाट सोझासाझा यात्रु अझै ठगिने गरेको तथ्य बाहिरिएको हो । दशैं तिहार जस्ता चाडपर्वमा एकतर्फबाट मात्र यात्रु चाप बढ्ने हुँदा केही भाडा महँगो लिएर सञ्चालन गर्ने गरेको गुनासो यसअघि पनि आइरहेकै हो । तर, यसवर्षको दशैं सकिँदा पनि सुमोहरुले अझै पनि बढी भाडा लिइरहेको खुलेको हो ।

चाडपर्व बाहेकको समयमा यात्रुलाई राज्यबाट तोकिएको निश्चित भाडा लिएर हेटौंडा-काठमाडौं ओहोरदोहोर गर्ने सुमोहरुले विगत जस्तै यसपालिको दशैंमा पनि मौकामा चौका हानेका छन् । दशैंमा यात्रुहरुको चापलाई सुमोहरुले कमाउ धन्दाको रुपमा मौका मारेका हुन् । दशैं अगाडि काठमाडौंबाट हेटौंडा आउने यात्रुहरु धेरै हुन्छन् । दशैंपछि हेटौंडाबाट काठमाडौं जाने यात्रुहरुको काउन्टरमा भिड लाग्छ ।

यात्रा नगरी नहुने बाध्यताको मौका छोप्दै सीमित सुमो सञ्चालक कम्पनीहरुले सोझा यात्रुहरुलाई ठगी गरिरहेको खुलेको हो । यात्रुहरुले बढी भाडा दिन नमाने सुमो लुकाएर सञ्चालकहरुले सवारी साधनको कृत्रिम अभाव सिर्जना गर्ने गरेको उपभोक्ताहरु बताउँछन् । जसका कारण यात्रुहरु बाध्य भएर बढी भाडा तिरेर गन्तव्यमा जानुपर्ने बाध्यता हुन्छ ।

दशैंपछिको समयमा हेटौंडाबाट काठमाडौं जाने यात्रुहरु अझै पनि बढी भाडा तिरेर काठमाडौं जानु परिरहेको पाइएको छ । मंगलबार हेटौंडाको शुभयात्रा कम्पनीको ना. १ ज ६४११ नम्बर सुमो जिल्ला ट्राफिक प्रहरीको फेलामा पऱ्यो । यात्रुहरुलाई तोकिएभन्दा बढी भाडा लिएको गुनासोको आधारमा मकवानपुरका ट्राफिक प्रहरी प्रमुख निरीक्षक मुनेन्द्र थापाले एक्सन लिएपछि उक्त सुमो चालक मनहरी-७ का रामप्रसाद खड्का नियन्त्रणमा आएका थिए । खड्कालाई जिल्ला ट्राफिकले कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर पठाएको थियो ।

दशैंकै बीचमा ७ वटा सुमोलाई यात्रुहरु ठगी गरेको आरोपमा कारबाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । कारबाहीमा परेका सुमोहरुलाई यात्रुको भाडा फिर्ता गराउनेदेखि जरिवाना लिएर छाडिएको प्रहरीले जनाएको छ ।

हेटौंडाबाट काठमाडौं लैजाने यात्रुलाई ७ सयदेखि एकहजार पाँचसय रुपैयाँसम्म भाडा लिएर ठगी गर्ने गरेको यात्रुहरुले प्रहरीसमक्ष गुनासो गरेको ट्राफिक प्रहरीले जनाएको छ । हेटौंडा-काठमाडौंको भाडा साढे ६ सय रुपैयाँ तोकिए पनि सुमोले यात्रु हेरेर ठगी गर्ने गरेको पाइएको हो ।

मंगलबार प्रहरीले नियन्त्रणमा लिएको सुमोले नै तीन जना यात्रुसँग फरक-फरक भाडा लिएको खुलेको हो । सोझा यात्रु भेटे १ हजार देखि १ हजार ५ सय रुपैयाँसम्म भाडा लिने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । यात्रु ठगी गर्ने दोषिलाई भने प्रहरीले पर्याप्त कारबाही गरेको देखिँदैन् । यात्रुहरुलाई निरन्तर ठगी गरेपनि प्रहरीले जरिवानासम्म मात्रै तिराएर पठाउने गरेको छ । जरिवानामात्रै तिराउँदा सुमो सञ्चालकहरुले यात्रुहरुलाई पटक-पटक ठगी गर्दै जरिवाना तिर्दै आइरहेको प्रहरी अनुसन्धानबाट खुल्छ ।

यात्रुकै कारण प्रहरीले पनि तनाव खेप्नु परेको देखिएको छ । यात्रुहरुले नै सुमोलाई जोगाउन सत्य कुरा बोल्न नचाहने र प्रमाणसहित लिखित उजुरी दिन नमान्ने गरेको प्रहरी स्रोत बताउँछ । यात्रुहरुले पर्याप्त प्रमाण नदिँदा प्रहरीलाई दोषिलाई कडा कारबाही गर्न अप्ठेरो परेको देखिन्छ । 'बढी पैसा लियो भनेर मौखिक गुनासो गर्छन् । लिखित उजुरी दिँदैनन् । लिखित उजुरी नदिएसम्म मुद्दा चलाउन मिल्दैन् । त्यसैले सामान्य कारबाही गरेर छोड्नु परेको छ । यात्रुहरुले सहयोग नगर्दा तनाव हामीलाई हुन्छ', ट्राफिक प्रहरी स्रोतले भन्यो ।

दशैंको घटस्थापनादेखि यात्रु ठरन थालेका सुमोहरुले मकवानपुर प्रशासनको मौनताको फाइदा उठाउँदै दशैं सकिँदासम्म पनि ठगी गर्न नछोडेका हुन् । नियमनकारी निकाय जिल्ला प्रशासन कार्यालय कानमा तेल हालेर बस्दा यात्रुहरु दैनिक ठगिन बाध्य भएको गुनासो बढिरहेको छ ।

सुमोको कृत्रिम अभाव सृजना गरेर १ हजार ५ सय रुपैयाँसम्म भाडा लिँदा पनि प्रशासनले गम्भीर रुपले कारबाही नगरेको देखिएको छ । प्रशासनले प्रभावकारीरुपमा सुमोले यात्रु ठोको विषयमा अनुगमन र कारबाही गर्न को द्वैत । ठगिएको विषयमा आफूलाई जानकारी नभएको र प्रमाणसहित उजुरी गर्न मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले आग्रह गरे ।

दशैंपछि काठमाडौंबाट हेटौंडा आउने यात्रुको चाप पातलो हुने गरेपनि सुमोको कृत्रिम अभाव सृजना गरेर ठगी गरेको बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका एक कर्मचारीले गुनासो गरिन् । सुमोले काठमाडौंबाट हेटौंडा आउँदा १ हजार तीनसय रुपैयाँ लिएको उनले बताइन् । यात्रुलाई टिकट भने तोकिएको भाडाकै थमाउने गरिएको छ । कतिपय सुमोले यात्रुहरुलाई टिकटसमेत नदिने गरेको यात्रुहरुले गुनासो गरे ।

बागमतीका बहालवाला नौ मन्त्री फेरि उम्मेदवार

हेटौंडा, २५ असोज/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बागमती प्रदेश सरकार का ९ जना बहालवाला मन्त्री उम्मेदवार बनेका छन् ।

२०७४ सालको निर्वाचनमा प्रदेशसभा सदस्य निर्वाचन लडेका मकवानपुरकी कुमारी मोक्तानसहितका ९ जना मन्त्रीहरु प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवार बनेका हुन् । उम्मेदवार बन्नेहरुमा नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)का अधिकांश छन् । बागमतीमा राज्यमन्त्रीसमेत गरेर कुल १८ जना मन्त्री छन् । जसमध्ये ९ जना निर्वाचन नलड्ने भएका छन् । अधिकांशले गठबन्धनका कारण उम्मेदवार हुन नपाएका हुन् ।

बागमती प्रदेशका वर्तमान तथा तेस्रो मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे प्रतिनिधिसभा निर्वाचन लड्ने भएका छन् । विगतमै केन्द्रीय मन्त्रीसमेत भइरहेका पाण्डे बागमतीको प्रथम मुख्यमन्त्री हुने चाहनाले २०७४ मा धादिङबाट प्रदेशसभा निर्वाचन लडेका थिए । तर, पार्टीभित्रको गुटको खेलका कारण पाण्डे पहिलो मुख्यमन्त्री हुनबाट रोकिए । अन्ततः पाण्डे प्रदेश सरकारको अन्तिम कार्यकालको अर्थात बागमतीको तेस्रो मुख्यमन्त्री बने । उनै पाण्डे सत्ता गठबन्धनबाट संघीय संसदका लागि धादिङ क्षेत्र नम्बर-१ बाट उम्मेदवार बनेका हुन् ।

माओवादी केन्द्रबाट प्रदेशको मन्त्री बनेका ५ जना मध्ये ४ जना आगामी निर्वाचनका लागि उम्मेदवार बनेका छन् । माओवादी केन्द्रका नेता तथा बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री

शालिकराम जम्कट्टेल धादिङ-१ (ख) बाट प्रदेशसभा सदस्यमा उम्मेदवार बनेका छन् । उनी तत्कालीन नेकपा सरकार हुँदा आन्तरिक मामिला तथा कानुन मन्त्री थिए । प्रदेशसभामा माओवादीका शिर्ष प्रदेशसभा सदस्यभित्र पर्ने जम्कट्टेल पुनः मन्त्री हुने चाहनाले प्रदेश निर्वाचन लड्दै छन् । प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तान पनि प्रदेशसभा सदस्यका लागि माओवादी केन्द्रबाट मकवानपुर-२ (क) मा उम्मेदवार बनेकी छन् ।

प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकाल माओवादी केन्द्रबाट प्रदेशसभामा काभ्रे-१ (क)मा उम्मेदवार बनेका छन् । श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहाल माओवादी केन्द्रबाट प्रदेशसभाका लागि चितवन-२ (क)मा उम्मेदवार बनेका छन् । उनीहरु सबै सत्ता गठबन्धनका तर्फबाट साझा उम्मेदवार बनेका हुन् । एकीकृत समाजवादीबाट मन्त्री बनेका ५ जनामध्ये ४ जना फेरि उम्मेदवार बनेका छन् ।

प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनाल प्रदेशसभा सदस्यका लागि एकीकृत समाजवादीबाट सत्ता गठबन्धनको समर्थनमा चितवन-१ (ख) बाट उम्मेदवार बनेका छन् । प्रदेशको खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री बसन्त प्रसाद मानन्धर पनि एकीकृत समाजवादीबाट सत्तारुढ गठबन्धनको सहयोगमा काठमाडौं-७ (ख)बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार बनेका छन् । एकीकृत समाजवादीबाट प्रदेशको मन्त्री बनेका प्रदेशका कृषि तथा पशुपंछी विकास मन्त्री बसुन्धरा हुमागाईले गठबन्धनबाट अलग भएर प्रदेशसभा सदस्यका लागि एकीकृत समाजवादीका तर्फबाट काभ्रे-२ (ख)मा उम्मेदवारी दिएका छन् ।

प्रदेश सरकारमा सबैभन्दा धेरै मन्त्री रहेको कांग्रेसले आगामी निर्वाचनमा भने थोरैलाई मात्र उम्मेदवार बनाएको छ । कांग्रेसका ८ जना मन्त्रीमध्ये ७ जना उम्मेदवार बन्न सकेनन् । कांग्रेसबाट मन्त्री बनेका प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री दिपेन्द्र श्रेष्ठ आगामी निर्वाचनमा प्रदेशसभा सदस्यका लागि काठमाडौं-१ (क)मा उम्मेदवार बनेका छन् । उनी प्रदेश मन्त्रीमध्ये कांग्रेसबाट टिकट पाउने एकमात्र व्यक्ति हुन् ।

हेटौंडामा एकैदिन दुईसय तीनजनामा डेंगु

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मकवानपुरमा कोरोना महामारीलाई सम्झाउने गरी डेंगु संक्रमण बढ्ने क्रम जारी छ । कोरोना संक्रमण दैनिक फैलिए जस्तै डेंगुका बिरामीहरु पनि दैनिक थपिँदै गएका छन् ।

मकवानपुरमा दैनिक डेंगुका बिरामी बढिरहँदा हेटौंडा अस्पतालसँगै निजी अस्पतालहरुमा पनि बिरामीहरुको चाप बढेको छ । हेटौंडा अस्पतालमा डेंगुको किट नै अभाव भइरहेको छ । डेंगु लक्षण देखिएका बिरामीहरुले सहजै डेंगु परीक्षणका लागि किट नपाएको गुनासो आइरहेको छ । मकवानपुरमा पछिल्लो २४ घण्टामा २ सय २२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । एकदिनमै जिल्लाभर २ सय २२ जनालाई डेंगु संक्रमण देखिँदा हेटौंडामा मात्रै २ सय ३ जनामा डेंगु देखिएको हो ।

जिल्लाका १० स्थानीय तहमध्ये हेटौंडामा डेंगु संक्रमण अत्यधिक बढेको हो । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार पछिल्लो २४ घण्टामा २ सय २२ जनामा डेंगु संक्रमण भएको हो । मंगलबार हेटौंडाका २ सय ३ सहित, मनहरीका ९ जना, थाहाका ८ जना, मकवानपुरगढी र जिल्ला बाहिरका एक-एक जनामा डेंगु देखिएको हो । जिल्लामा डेंगु पुष्टि हुनेको संख्या ३ हजार ६ सय ४ जना पुगेको छ । एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये डेंगु एक हो ।

चिकित्सकहरुका अनुसार तीन दिनदेखि १० दिनसम्म लगातार ज्वरो आयो भने डेंगु भएको बुझ्नु पर्छ । डेंगु ज्वरो आउदाँ शरीरको तापक्रम १०२ डिग्रीदेखि १०३ डिग्रीसम्मको हुन्छ । असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशीहरु दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरु देखापर्ने, बेहोश हुने डेंगु लाग्दा देखिने लक्षणहरु हुन् । एक प्रकारको विषाणुबाट डेंगु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको अवस्थामा डेंगु घातक हुन्छ ।

डेंगु ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । डेंगु लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ । फलस्वरुप मानिसहरु सिकिस्त हुने गर्छन् । डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नुपर्छ । यसका लागि पानी जम्न सक्ने भाँडाहरु जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, गाडीका काम नलाग्ने टायरहरुमा पानी जम्न दिन्हुँन । पानीको ट्यांकीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी छोपेर राख्नु पर्छ ।

मनहरीमा डेंगुबाट बच्न घरदैलो

हेटौंडा/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा डेंगु संक्रमणको रोकथाम र नियन्त्रणका लागि गाउँपालिकाले चासो देखाएको छ ।

डेंगुले गाउँमा धेरै बिरामी परेपछि गाउँपालिकाले डेंगु नियन्त्रणसँगै सचेतना फैलाउने उद्देश्यले घरदैलो अभियान चलाउने भएको छ । मनहरी गाउँपालिका विपत व्यवस्थापन समितिको बैठकले डेंगु नियन्त्रणका लागि सबै खाले प्रयासहरु गरिने निर्णय लिएको हो । बैठकले डेंगी संक्रमण नियन्त्रणका लागि सचेतना कार्यक्रमअन्तर्गत् गाउँ-गाउँमा घरदैलो अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । गाउँपालिकाले यसअघि वडा नम्बर ६, ७ र ८ मा डेंगी संक्रण रोकथामका लागि गाउँ-गाउँमा अटोको माध्यमबाट बजाउँदै आएको जिंगल प्रत्येक वडाका गाउँ-गाउँमा लाने निर्णय गरेको छ ।

सबै वडाहरुमा सरसफाइ अभियानलाई पनि सञ्चालन गर्ने निर्णय गरेको छ । साथै मनहरी बजारलगायत व्यस्त स्थानहरुमा लामखुट्टेनाशक स्प्रे छर्ने निर्णयसमेत गरेको छ । बैठकमा बोल्दै मनहरी गाउँपालिकाका अध्यक्ष तथा विपद् व्यवस्थापन समितिका संयोजक रञ्जन कालाखेतीले लामखुट्टे बस्ने सम्भावित क्षेत्रहरुको सरफाईमा विशेष ध्यान दिन आग्रह गरे । साथै यसबाट जोगिन समस्त गाउँपालिकाबासीलाई आग्रहसमेत गरेका छन् । बैठकले मनहरी गाउँपालिकाअन्तर्गत् ३ वटा विद्यालयमा कार्यरत् विद्यालय नर्सहरुलाई पनि परिचालन गर्ने निर्णय गरेको छ । हाल विद्यालयहरु बन्द रहेकाले समयमा डेंगु नियन्त्रण गर्न जनशक्ति अभाव भएको भन्ने कुरा उठेपछि जनशक्ति व्यवस्थापनको लागि विद्यालय नर्सहरुलाई समेत परिचालन गर्न लागिएको स्वास्थ्य संयोजक रामचन्द्र दाहालले बताएका छन् ।

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
मकवानपुर बहुमुखी क्याम्पसमा
स्नातक तहमा भर्ना खुल्यो
बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।

बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान
भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।
मकवानपुर बहुमुखी क्याम्पस
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

कारको ठक्करबाट नेगीको मृत्यु

हेटौंडा, २५ असोज/ हेटौंडा-११ थानाभञ्ज्याङमा कारको ठक्करबाट पैदलयात्री हेटौंडा-३ बसामाडीका ३८ वर्षीय शम्सेरसिंह नेगीको मृत्यु भएको छ । सोमबार पूर्व-पश्चिम राजमार्गअन्तर्गत् वीरगञ्जबाट चितवनतर्फ जाँदै गरेको बा. १६ च ३८७७ नम्बर कारले ठक्कर दिंदा नेगी घाइते भएका थिए । कारको ठक्करबाट घाइते नेगीको उपचारको क्रममा मंगलबार बिहान पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । ठक्कर दिने कार र चालक नियन्त्रणमा रहेको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

चाडपर्वमा सतर्कता अपनाऔं

यसवर्षको वडादशैं सकिएको छ । अब तिहार, छठजस्ता महत्वपूर्ण चाडपर्वको चहलपहल सुरु भएको छ । नेपालीहरु अब बाँकी चाडपर्वलाई कसरी हर्सोल्लास तरिकाले मनाउने भनेर योजना बनाउने र आवश्यक तयारीमा जुटेका छन् । आफ्ना महत्वपूर्ण चाडपर्वलाई सकेसम्म सुखद् र अविस्मरणीय बनाउन सबै नेपाली प्रयत्नशील रहन्छन् । अरु बेलामा भन्दा चाडपर्वमा बजारमा मानिसहरुको चहलपहल पनि बढ्ने गर्दछ । मानिसहरुको चलहल बढ्नु भनेको स्वभावत: आवश्यकताहरु बढ्नु र समाजमा हुने विविध गतिविधि केन्द्रित हुनु पनि हो । यो मौसम भनेको सबैतिर सक्रियता बढ्ने समय पनि हो । समाजमा चहलपहल बढ्छ, बजारहरुमा किनमेल बढ्छ, यातायातका साधनहरुमा यात्रुको चाप बढ्छ । चहलपहल र गतिविधिमा बृद्धिसँगै समाजमा अपराध पनि बढ्न थाल्छ । जुवातास र अत्यधिक मदिरा सेवनको विकृति, विसंगति पनि बढ्छ । यी सबै कुरा चाडपर्वको मौसमसँगै सुरु हुने चुनौती हुन् । चाडपर्वले हर्षोल्लास र रमाइलोलाई आमन्त्रण गरिरहँदा यी चुनौतीको सामना गर्ने तयारी पनि सम्बन्धित निकायले गर्नु जरुरी छ ।

चाडपर्वको रौनक सुरु हुँदै गर्दा उपभोक्ता अधिकारको सवाल पनि अहम्रुपमा उठ्ने गर्दछ । यो बेलामा बजारमा अत्यधिक किनमेल हुने गर्छ । किनमेलमा बृद्धि भएसँगै वस्तुको गुणस्तर र मूल्यलाई ध्यान दिन सकिएन भने उपभोक्ताहरु मारमा पर्ने खतरा पनि रहन्छ । तसर्थ अरुबेलामा सुतेका उपभोक्ता अधिकारकर्मीदेखि सरकारी निकाय यो बेलामा जाग्नुपर्छ र बजार अनुगमनलाई तीब्र बनाउनुपर्छ । कतिपय वस्तु भएर पनि कृत्रिम अभाव सिर्जना गर्ने र मूल्य बढाएर कालोबजारी गर्ने खतरा पनि यो बेलामा रहन्छ । यस्ता विकृति रोक्न निजी क्षेत्रकै अगुवा संस्थाहरुले पहल थाल्नुपर्छ । त्यस्तै चाडपर्वको बेलामा सबैभन्दा धेरै भीडभाड हुने अर्को क्षेत्र हो, यातायात । अन्य समयमा पनि व्यवस्थित हुन नसकेको हाम्रो सार्वजनिक यातायात क्षेत्र चाडपर्वको समयमा त झनै भद्रगोल देखिन्छ । आ-आफ्ना गन्तव्यमा पुग्नैपर्ने यात्रुको बाध्यताबाट फाइदा उठाउँदै व्यवसायीले असुरक्षित यात्रासँगै बढी भाडा असुल्ने गरेको पाइन्छ । चाडपर्वका बेलामा खड्किने अर्को कुरा शान्ति सुरक्षा हो । मानिसहरुको चहपहलसँगै स्वत: अपराधजन्य क्रियाकलाप र विकृति, विसंगति पनि बढ्ने गर्दछन् । त्यस्ता क्रियाकलाप हुन नदिन सामाजिक सचेतना जगाउने काम त सबै पक्षको हो, तर पनि यस्ता क्रियाकलाप रोक्ने प्रमुख काम प्रहरी प्रशासनको हो । शान्ति सुरक्षालाई जति प्रभावकारी बनाउन सकियो, चाडपर्व त्यति सहज र व्यवस्थित हुने गर्दछन् । चाडपर्वको मौसमलाई मध्यनजर गर्दै शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन प्रहरी प्रशासनले ठोस कार्यक्रम बनाउनुपर्छ र जनस्तरबाट पनि त्यसमा सहयोग हुनुपर्दछ ।

चाडपर्वको आगमनसँगै बजार अनुगमन तथा व्यवस्थापन, यातायात व्यवस्थापन, सुरक्षा व्यवस्थापन आदि क्षेत्रमा सरोकारवाला निकायले प्रभावकारी काम गर्नुपर्छ । यस्ता सरोकारवाला निकायलाई जिम्मेवार र दायित्वबोध गराउन नागरिक पनि जागरुक बन्न आवश्यक छ । यसो भएमा चाडपर्व सभ्य, सहज र व्यवस्थित बनाउन सकिनेछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५९९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५९८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३१९
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०४७-५२४८७, ९८४५१९१९४
चौकीटोल चौकी	९७४२५५९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बाराण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९		

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज २७ गते विहीबार १३ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष चतुर्थी । कौलाध्व ११४२ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ५:४८ । विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवस/ विश्व दृष्टि दिवस

आजको राशिफल

मेष	: मानसिक चिन्ता	तुला	: परिवारमा हर्ष
वृष	: कार्यान्तरणको योग	वृश्चिक	: व्यवसाय फस्टाउने
मिथुन	: व्यर्थ भ्रमण	धनु	: नैराश्यता
कर्कट	: मान प्रतिष्ठा वृद्धि	मकर	: परिश्रमबाट सफलता
सिंह	: धनहानि	कुम्भ	: सम्पत्तिसम्बन्धी विवाद
कन्या	: हर्ष थपिने	मीन	: मित्रबाट विरोध

नागरिक सवालमा किन उदासिन छन् दलहरु ?

चम्फासिंह भण्डारी

नेपाली राजनीतिमा अनेकौं प्रकार का उतार चढावले घर गरिरहेको छ । देशको न्यायपालिकामाथिको नागरिक विश्वास धुमिलिएको छ । व्यवस्थापिकाले गर्नुपर्ने कामवार ध्यानै गएको छैन । कार्यपालिका भिलीजुली बाँचौ, बाडीचुँडी खाऔं भन्ने मानसिकताले सिंगो प्रशासनयन्त्र लथालिङ्ग अवस्थामा रहेको छ । त्यसैले, देशका आम नागरिकले महँगी, भ्रष्टाचार, दुर्घटना, महिला हिंसा, चिचौलियाको बिगविगीको बीचमा कष्टप्रद जीवन बिताइरहनु परेको छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्था ज्यादै नाजुक छ । देशमा विद्यमान उत्पादनमूलक उद्योग दीर्घरोगी बनेका छन् । स्वदेशमा कामका अवसर नपाउँदा वर्षेनी लाखौं युवा जनशक्ति विदेशमा जोखिमपूर्ण श्रम बेच्न बाध्य छन् । सत्तास्वार्थमा लिप्त नेताहरुको प्रवृत्तिले नेपाल अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुको खेल मैदान बन्दै गैरहेको छ । देशको अर्थतन्त्र कोमामा पुगेको छ । बढ्दो मुद्रास्फिति, बढ्दो आयात, न्यून वैदेशिक मुद्राको सञ्चिति, विभिन्न नयाँ नयाँ थरिका आर्थिक अपराधले मुलुकको अर्थतन्त्र मुर्छित बनेको छ । हाम्रो देशको कर प्रणाली, बजेटमार्फत् गरिने वितरण प्रणाली न्यायिक बन्न नसक्दा आयको असमान वितरणको प्रक्रिया तीब्र रुपमा बढिरहेको छ ।

श्रमिक मजदुरका लागि दैनिक जीवनयापन कष्टप्रद बन्दै गैरहेको छ भने गैरकानूनी आर्थिक कारोवार र विचौलियाहरुको शक्तिकेन्द्र माथिको व्यापक पहुँच सहज रहेको अवस्थाले देशका साना किसान कतै मिटरब्याजीहरुको फन्दामा, कतै विभिन्न वित्तिय संस्थाहरुको चर्को ब्याजको पीडामा छन् । लामो त्याग, बलिदान र संघर्षबाट प्राप्त गरेको राजनीतिक उपलब्धिको रुपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रमाथि चौतर्फी हमला बढिर हेको छ । राजनीतिक दल र तिनका नेताहरुको व्यवहारले मुलुकमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानले प्रत्याभूत गरेका मौलिक हक, राज्यको संरचनामाथिको प्रहार तीब्र बन्दै गैर हेको छ । बहुलवादी नेपाली समाजमा दलविहीनताको अभ्यासलाई अघि बढाउने प्रयास र प्रयत्नले मुलुकमा स्थापित लोकतन्त्रको संस्थागत विकासमाथि एकपछि अर्को प्रहार जारी रहेको छ ।

नागरिक सवालमा उदासीन दलहरु

नेपालमा दलीय राजनीतिलाई नजिकवाट अध्ययन गर्नेहरु भन्छन् राजनीतिक दलहरुभित्र सैद्धान्तिक, वैचारिक मतभेद ज्यादै न्यून छ तर शक्तिमाथि कब्जा गर्ने र संगठनमाथिको नियन्त्रण गरी शासन गर्ने सामन्तवादी संस्कृति, सोच र चिन्तनका बीचमा हरेक राजनीतिक दलभित्र अन्तरविरोध पर्याप्त छन । ती अन्तरविरोध हल गर्ने पद्धति, इच्छाशक्ति र विधिहरुको निर्माणमा कुनै पनि राजनीतिक दल सफल भएका देखिँदैनन् । परिणाम स्वरुप दलभित्रको सत्ता छोड्न नमान्ने र उक्त सत्ता खोसेर आफ्नो हातमा लिने महान आकांक्षा बीचको संघर्षको परिणाम नै राजनीतिक पार्टीहरु फुटने, जुटने, गुटगत समूह बन्ने गरेको छ । ती गुट र समूहको विवाद मिलाउने नाममा जनताका मुद्दाप्रति कहिल्यै पनि दलहरु सम्वेदनशील भएर अगाडि बढुन नसक्ने अवस्थाको सिर्जना भएको देखिन्छ । राजनीतिक दलका अधिकांश पार्टी बैठक, सम्मेलन मुलुकको राजनीतिक अवस्थाको विश्लेषणमा खर्च हुन्छ । अवस्थाको विश्लेषण वा परिस्थितिको विश्लेषण गर्ने सवालमा पार्टी सत्ता संघर्ष (नेतृत्वलाई तह लगाउने र आफू नेतृत्वमा जाने प्रयत्न) र अन्य राजनीतिक दलका गविविधिहरुको चिरफारमा अधिकांश समय विल्छ ।

बाँकी बचेको समय पार्टी सत्ता बचाउन सफल भएकाहरुको मात्रै क्रियाशिलतामा पार्टीको आगामी रणनीति तय गरिन्छ । र, जनताका सवालहरु त्यस्ता बैठक समाप्त हुने बेलामा ब्यापक छलफल नै नगरी केही ब्यक्ति वा पार्टी प्रवक्ता वा प्रेस प्रमुखद्वारा सञ्चार माध्यममा प्रकाशन तथा प्रसारणका लागि केही प्रस्तावहरु बिज्ञप्तीका रुपमा बाहिर आउने गर्दछ । जबकि नागरिकका सवालमा केन्द्रित बहस, छलफल र अन्तर्क्रिया अहिलेका आवश्यकता हुन् ।राजनीतिक दलहरुको सत्तास्वार्थ र भोटबैंकको खेलका कारण अहिलेसम्म नागरिकता विधेयक पारित नहुँदा देशभरका नागरिकता प्राप्त गर्ने उमेर समूहका नागरिकले निरन्तर पीडा भेगिरहेका छन् । दलीय सहमति बिना जबरजस्ती अघि बढाइएको नागरिकता विधेयक अहिले पनि राजनीतिक विवादको विषय बनेको छ । नागरिकताजस्तो सम्वेदनशील विषयमा पनि नेपालका राजनीतिक दलहरु एक ठाउँमा आउन नसक्नुको कारण खोजी गरी अब निर्वाचित भएर आउने संसदले आउने वित्तिकै नागरिकताको समस्याको दिगो समाधान दिनुपर्छ । निजामति कर्मचारीहरुको सेवामा प्रवेश, सेवा सुविधा तथा तिनीहरुको संघीय संरचना अनुसार को व्यवस्थापनका लागि आवश्यक रहेको निजामतिसेवा ऐन अहिलेसम्म संघीय संसदवाट पारित हुन नसक्दा देशको कर्मचारीतन्त्रका ब्यापक रोष एकातिर छ । अर्कोतिर ऐनको अभावमा कर्मचारीहरुको संघ, प्रदेश तथा स्थानीय तहमा व्यवस्थापन निकै ठूलो चुनौती बन्दै आईरहेको छ । अब आउने संघीय संसदले निजामति कर्मचारी ऐन पारित गरी कर्मचारीहरुको दिगो व्यवस्थापन गर्ने कार्य अनिवार्य छ ।

संघीय शिक्षा ऐनको व्यवस्था नहुँदा शिक्षा क्षेत्र नराम्ररी थला परेको छ । शिक्षा प्रणालीमा परिवर्तन गर्ने, शिक्षालाई जीवनोपयोगी बनाउने नारालाई ब्यवहारमा कहिले हो पुरा गर्ने ? देशका विश्वविद्यालयहरुमा प्राज्ञिक कामहरुमा ध्यान दिनुको साटो विश्वविद्यालयलाई राजनीतिक थलोमा परिणत गर्दा त्यसले देशको शिक्षा क्षेत्रलाई न त जीवन उपयोगी बनाउँछ, न प्राज्ञिक र अनुसन्धानमूलक । शिक्षामा राज्यको लगानी वालुवामा पानी झैरहेको छ । शिक्षक दरबन्दी, पाठ्यपुस्तक र विषयगत शिक्षकको अभावमा शिक्षा क्षेत्रको लगानी खेर गैरहेकोछ भने देशको युवा जनशक्ति र नेपालको ठूलो रकम वैदेशिक शिक्षामा गइरहेको छ । नेपालमा नै उत्पादन भैरहेको शिक्षित जनशक्ति पनि नेपालमा रोजगारीका अवसरहरु नपाउँदा निरन्तर बाहिरिने क्रम जारी छ । स्वदेशमा रोजगारीका अवसर बढुनुको साटो निरन्तर रुपमा घट्दो क्रममा छ । राज्यको लगानीमा जारी रहेका विभिन्न रोजगार योजनाको ब्यवस्थापनको अभावमा त्यसवाट रोजगारी सिर्जनाको साटो भट्टा मजाकका रुपमा अघि बढिरहेको छ ।

प्रधानमन्त्री रोजगार योजना, युवा स्वरोजगार जस्ता विभिन्न तरिकाले वितरण भैरहेको लगानी एकीकृत हुन नसक्दा त्यसको परिणाम नकारात्मक छ । देशमा उद्योग, कलकारखानाको स्थापना र सञ्चालनका नाममा भैरहेको लगानीले रोजगारी सिर्जना गर्न सकिरहेको छैन । संघीय सरकारदेखि स्थानीय सरकारसम्मको समन्वयमा एकीकृत रोजगार योजना निर्माण गरी त्यसलाई उत्पादनमूलक कार्यमा जोड्न सक्ने हो भने अहिलेकै साधनस्रोतले लाखौंको युवा रोजगारी दिन सकिन्छ । तर, त्यसका लागि राजनीतिक नेतृत्वको अग्रसरता आवश्यक छ । निर्वाचनपछि बनेने संघीय तथा प्रदेश सरकारहरुले यतातिर ध्यान दिनुपर्छ ।

सम्मानित हुन नसकेको कृषि पेशा

अहिले सिंगो युरोप निकट भविष्यमा जलवायु परिवर्तन, कोरोना, युद्धको प्रभावका कारण भोकमरीमा पर्ने प्रक्षेपण गर्दै उनीहरु दैनिक खानामा कटौती गर्न थालेका छन् र पानीको समेत अभाव हुन नसक्ने खतराका विषयमा गम्भीर बनिरहेका छन् । तर नेपालमा खेतीयोग्य जमिन जनशक्तिको अभावमा बाँझो रहने, किसानको उत्पादनले उचित बजार र मूल्य नपाउने, समयमा मलखाद वीउविजन र सिंचाईको अभावमा भोन्दै आएका पीडा उस्ताका उस्तै छन् । राष्ट्रिय गौरवका योजना भनी नामकरण गरि एको ठूला सिंचाई योजनाहरुको हालत झन दयनीय बन्दै गैरहेको छ । अबौंको लगानीमा निर्माण गरिएको सिंचाई जस्ता कैयौं सिचाई योजना भ्रष्टाचारका कारण पुरा नहुँदै विरामी परेका छन् । अबको एक दुई महिनाभित्र नेपालमा धानवाली पाक्छ, तराईका ठूल्ठूला फाँटमा उत्पादन हुने धानको मूल्य नपाएर किसानहरु सिमापारीको बजारमा सस्तो मूल्यमा धान विक्री गर्न बाध्य हुनेछन् ।

धानवाली नेपाल सरकारले खरीद गरेर राख्ने हो भने हामीलाई आवश्यक चामल विदेशवाट ल्याउनु पर्दैन । यतावाट आठ दश रुपिया केजी धान खरीद गरी छिमेकी मुलुक भारतका ब्यापारीहरुले त्यो चामल नेपाल पठाउँदा साठी सत्तरी रुपैया प्रतिकेजीका हिसावले पठाउँछन् । आठ रुपिया केजी धान नेपालवाट खरीद गरी लैजाने ब्यापारीहरुले १० रुपिया केजी धानको भूस नेपालमा विक्री गर्दछन् । प्रधानमन्त्री आधुनिक कृषि परियोजना, मुख्यमन्त्री कृषि परियोजना र मेयर कृषि परियोजना जस्ता विभिन्न परियोजनामार्फत् वितरण गरिने राज्यको लगानी ९० प्रतिशत रकम ब्यापारीहरुको हातमा जाने र त्यो रकम कृषि र पुशपालन देखाएर प्राप्त गर्ने, प्राप्त भएको रकम अन्य प्रयोजनमा खर्च गर्ने अवस्था विद्यमान छ । यो वेतियौंहरुको वारेमा सरकारकै विभिन्न निकायको अध्ययनले देखाएको छ । एउटा परियोजना कार्यान्वयन गर्दा लक्षित वर्ग खास गरी साना किसानका लागि लगानी गर्ने, लगानी नगदमा भन्दा पनि उनीहरुलाई आवश्यक प्रविधि उपकरणमा खर्च गर्ने, आवाश्क बजार ब्यवस्थापन गर्ने र उचित मूल्य प्राप्त गर्न सक्ने प्रणाली स्थापित गर्ने कुरामा हाम्रा तिनै तहका सरकारहरुको ध्यानै गएन । परिणामस्वरुप दुःख गरेर उत्पादन गरिएको कृषि उत्पादनको बजार र मूल्य नपाउँदा किसान सधैं पीडामा छन् । उखु किसानहरुले उखुको मूल्य नै पाउँदैनन् । तरकारी वारीमै सड्छ र दूध उत्पादक किसान आफनो दूध वाटोमा फाल्ने अवस्था सिर्जना हुन्छ । कुखुरापालन लगायत ब्यवसाय विभिन्न रोगले गर्दा खोरका सबै पशुपंक्षी नष्ट हुने अवस्था देखिन्छ । यो अवस्थालाई कहिले हो सुधार गर्ने ? कसले हो किसानहरुको पेशालाई सम्मानित र मर्यादित बनाउने ? यस्ता सवालहरुको निराकरण आवश्यक छ । कृष्णिाई सम्मानित र मर्यादित बनाउनका लागि आवश्यक पहल नगरिए नेपालमा भविष्यमा हाम्रो देशको वार्षिक बजेट जति खाद्यान्न खरिदमै सकिने र आम नागरिक भोकमरीको चपेटामा पर्ने निश्चित छ ।कृषिमा आधारित हाम्रो अर्थतन्त्रलाई उकास्ने हो भने अब कृषिमा सरकारी अनुदान अहिलेको आवश्यकता हो । कृषि उत्पादनमा बृद्धि गर्न अब किसानलाई अनुदान दिइनुपर्छ । मल, बीउ र उपकरणमा अनुदान नदिने हो भने साना किसान आफैले लगानी गर्न सक्ने अवस्था छैन । अब उत्पादन प्रणालीमा सबैलाई आवढ गर्ने, श्रमको सम्मान गर्ने र किसानलाई उत्साही बनाएर कृषि पेशालाई सम्मानित पेशाका रुपमा अघि बढाउने अभियानमा स्थानीय सरकार अघि बढुनु आवश्यक छ । वाली बीमा, पशु बीमा, पशुपंछीपालन आदि बीमा जस्ता क्रियाकलापमा राज्य सरकारको लगानी आवश्यक छ । यसको व्यवस्थापन गर्न सकियो भने रोजगारी सिर्जना र गरिवी न्युनीकरणमा समेत योगदान गर्नेछ ।

कृषिमा लगानी गरिसकेपछि उत्पादित कृषिजन्य वस्तुको बजारीकरण, भण्डारण, प्रशोधन तथा वितरणको ब्यवस्थापनको संयन्त्र निर्माण कार्यान्वयन अहिलेको आवश्यकता हो । उत्पादित बस्तुको लागत मूल्य पनि नपाउने र कतिपय उत्पादन विक्री नहुने र खेर जाने अवस्थाको अन्त्य गर्नका लागि कृषि उत्पादनको बजारीकरण, भण्डारण, प्रशोधन र वितरणको ब्यवस्थापन गर्नु आवश्यक छ ।

लोकतन्त्रको मूल्यमान्यतामाथि खेलवाड

विचार वा द्वन्द्वको ब्यवस्थापन गर्ने कुरालाई प्रणाली वा प्रक्रियागत रुपमा अघि बढाउन नसक्दा नै आफ्नै पार्टीको सरकार ढाल्ने, एक ब्यक्तिका विरुद्धमा अर्को त्यही दलको ब्यक्ति खडा हुने र गुट तथा शक्तिकेन्द्रमा विभाजित कार्यकर्ता पंक्ति आ-आफ्नो लवीको वरपर झुम्मिने गर्छन् । साथै, सत्ताको दुरुपयोग गर्ने जस्ता विकृति विगतमा नेपाल राजनीतिक दलहरुले भोगिसकेका छन् । सिद्धान्तलाई ब्यवहार संग जोड्ने प्रयास र प्रयत्नमा खिया लागेकै कारण राजनीतिक दलहरु विभिन्न मुद्दामा विभाजित हुने र आ-आफ्नो गुट बलियो भएको वा अधिकारि क भएको वा शक्तिशाली भएको कुतर्क अगाडि सारेर लोकतन्त्रका मूल्य मान्यतामाथि निरन्तर माइक टाइसनमथि सोही नीति अख्तियार गरियो । तर, सन्दीपको विषयलाई लिएर केहीको रोइलो बुझिनसक्नु छ । कानुन सबैका लागि समान हुन्छ र हुनुपर्छ । सन्दीपमाथि गम्भीर अपराधमा जाहेरी दर्ता हुनासाथ नेपाल फर्किएर छानबिनमा सहयोग गरेको भए सायद त्यसको अलग सहानुभूति बटुल्न सक्थे । तर उनी जसरी भागेर हिंडे त्यो उनको गल्ती थियो । नेपाल प्रहरीले इन्टरपोलको सहयोगमा डिफ्यूजन नोटिससमेत जारी गर्नुपर्ने अवस्था उनले भिऱ्याए । हालै दिएको सन्दीपको पछिल्लो बयानले पनि उनको गल्ती या दोषको छनक देखिएको छ । सोमबार अदालतसामु दिएको उनको बयानले थप पुष्टि हुनसक्छ । उनले अदालतमा जोहरीवालाकै इच्छामा भेटेको भन्दै जाहेरीवाला नाबालिग नरहेको बयान दिएका छन् । सन्दीप लामिछानेमथि बलात्कार आरोप लगाएकी पीडित नाबालिग नभएको उनका वकिलको दावी छ ।

सन्दीपकी वकिल सुधा रिजालले सोमबार काठमाडौं जिल्ला अदालत बाहिर पत्रकारसँग कुराकानी गर्दै पीडित भनिएकी युवती नाबालिग नभएको दावी गरेकी हुन् । 'उहाँले दुई वटा जन्मदर्ता बनाएको देखिएको छ । सिलसिलाबद्धरूपमा उहाँ (सन्दीप) लाई फसाउन खोजिएको देखिन्छ', उनले भनिन्, 'उहाँले ढाँटिर, आफ्नो उमेर घटाएर जन्मदर्ता बनाउनुभएको छ । त्यो प्रमाण पेश गर्छौं । उहाँ (सन्दीप) निर्दोष हुनुहुन्छ ।' यो विषयमा अदालतले थप अनुसन्धान पक्कै गर्नेछ । कुरो अनुशासन र खेलमा फर्कौं । यति बिघ्न उपद्रो भइसक्दा पनि नेपाल क्रिकेट संघ र यसका केही पदाधिकारी सन्दीपको बचाउमा लागेको देखिन्छ ।

यसको आशय स्पष्ट छ- सन्दीप दोषी देखिए, क्रिकेट संघ पनि कारबाहीको भागिदार बन्नसक्छ । प्रहरीको छानबिन र अदालती प्रक्रिया चलिरहँदा क्रिकेट संघका अध्यक्षलगायत एक टोली सञ्चार माध्यममा सन्दीप निर्दोष रहेको दावी गर्दै हिंडेका छन् । यसको अर्थ बन्द प्रशिक्षणको अघिल्लो रात कप्तान होटलबाट गायब हुनु र यो घटना हुनुसँग जोडेर हेर्न सकिन्छ । व्यवस्थापक, प्रशिक्षकसहित बन्द प्रशिक्षणमा होटलमा रहेको टिमका कप्तान अचानक रातभर हिंड्ने छुट कसले दियो ? यो गम्भीर विषयको उठान हुन सकेको छैन । बन्द प्रशिक्षणका दौरान खेलाडीको सबै जिम्मेवारी क्यान व्यवस्थापनको हुन्छ । पारिवारिक कारणले खेलाडी बाहिर जान पनि अनुमति माग्नुपर्छ । यस विषयमा खेलकुद मन्त्रालयले पनि छुट्टै छानबिन समिति बनाएर छानबिन अगाडि बढाउनुपर्ने जरूरी देखिन्छ । क्यानले व्यवस्थापनको विषयमा छानबिन गर्न सकिने बताए पनि अहिलेसम्म कुनै औपचारिक छानबिन समिति गठन गरेको छैन ।

सन्दीप प्रकरणमा अनुशासनको सवाल

हेमन्त काफ्ले

पछिल्लो समय सामाजिक सञ्जालमा अनेकन मनगढन्ते तर्क/वितर्कले ढाकिएको छ। नेपाली क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेका विषयमा आएका केही कुराबारे केही लेख्न मन लाग्यो । केही दिनअघि मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सन्दीप पक्राउ परेको विषयमा रोइलो चलेको थियो । अहिले फेरि अनुसन्धानकै क्रममा रहेको विषयमा जाहेरीवाला नाबालिग नभएको र उनकै आग्रहमा सन्दीप रातभर घुम्न गएका भन्दै सामाजिक सञ्जाल रँगिएका छन् । सबैभन्दा हाँस्यास्पद विषय त एउटा मुलुकको नेतृत्व गर्ने जिम्मेवार खेलाडी विदेशमा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न जानुअगाडि बन्द प्रशिक्षण छाडेर रातभर घुम्नु र कुनै अर्को होटलमा बस्न जानु नै सबैभन्दा ठूलो गैरजिम्मेवारी हो ।

खेलकुद र अनुशासन एक अर्काका पर्यायवाची हुन् । खेलाडीमा अनुशासन भएन भने त्यहाँ कुनै खेलले पनि सफलता हात पार्न सक्दैन । प्रारम्भिकरूपमा टोलीको नेतृत्व गर्ने खेलाडीले बन्द प्रशिक्षण छाडेर रातभर हिंड्नु नै गम्भीर गल्ती र अनुशासनहिनताको रूपमा प्रमाणित भइसकेको छ । त्यसमाथि नाबालिगलाई ललाइफकाइ बलात्कार गरेका उजुरी दर्ता हुनु आफैंमा गम्भीर विषय हो । यहाँ ढाकछोप र मुलुकको प्रतिष्ठा जोडिएको विषय केही छैन ।

सानै उमेरमा अन्तर्राष्ट्रिय जगतमा चम्किएका नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान सन्दीपकै कारण दुनियाँले नेपाल चिनेको भन्नु हाँस्यास्पद हुन्छ । सन्दीपभन्दा धेरै राम्रा स्पिनरहरू राजकुमार प्रधान, शक्ति गौचन, सन्जम रेग्मी अनि बसन्त रेग्मी थिए नेपालमा । एक औसत खेलाडी जसले सानै उमेरमा राम्रो एक्सपोजर पाए । चर्चाको शिखरमा रहेर दुई चार वर्ष क्रिकेटबाट दाम र नाम कमाए । तर उनको छवि सचिन तेन्दुलकर र ब्रायन लारा अनि महेन्द्रसिंह धोनी र हरभजन सिहंको जस्तो पक्कै पनि होइन । अब रह्यो कानुनी छुटको कुरा । उनी दोषी हुन् या होइनन्, त्यो अदालतले तय गर्ने कुरा हो । तर प्रहरीको प्रारम्भिक छानबिनमा उपलब्ध सबुत र प्रमाण उनको पक्षमा देखिएका छैनन् । लागूपदार्थ सेवनमा पक्राउ परेका फुटबलर डियागो म्याराडोनालाई हतकडीमात्र लगाइएन, जेल हालियो । चर्चित मुक्केबाज माइक टाइसनमथि सोही नीति अख्तियार गरियो । तर, सन्दीपको विषयलाई लिएर केहीको रोइलो बुझिनसक्नु छ । कानुन सबैका लागि समान हुन्छ र हुनुपर्छ । सन्दीपमाथि गम्भीर अपराधमा जाहेरी दर्ता हुनासाथ नेपाल फर्किएर छानबिनमा सहयोग गरेको भए सायद त्यसको अलग सहानुभूति बटुल्न सक्थे । तर उनी जसरी भागेर हिंडे त्यो उनको गल्ती थियो । नेपाल प्रहरीले इन्टरपोलको सहयोगमा डिफ्यूजन नोटिससमेत जारी गर्नुपर्ने अवस्था उनले भिऱ्याए । हालै दिएको सन्दीपको पछिल्लो बयानले पनि उनको गल्ती या दोषको छनक देखिएको छ । सोमबार अदालतसामु दिएको उनको बयानले थप पुष्टि हुनसक्छ । उनले अदालतमा जोहरीवालाकै इच्छामा भेटेको भन्दै जाहेरीवाला नाबालिग नरहेको बयान दिएका छन् । सन्दीप लामिछानेमथि बलात्कार आरोप लगाएकी पीडित नाबालिग नभएको उनका वकिलको दावी छ ।

सन्दीपकी वकिल सुधा रिजालले सोमबार काठमाडौं जिल्ला अदालत बाहिर पत्रकारसँग कुराकानी गर्दै पीडित भनिएकी युवती नाबालिग नभएको दावी गरेकी हुन् । 'उहाँले दुई वटा जन्मदर्ता बनाएको देखिएको छ । सिलसिलाबद्धरूपमा उहाँ (सन्दीप) लाई फसाउन खोजिएको देखिन्छ', उनले भनिन्, 'उहाँले ढाँटिर, आफ्नो उमेर घटाएर जन्मदर्ता बनाउनुभएको छ । त्यो प्रमाण पेश गर्छौं । उहाँ (सन्दीप) निर्दोष हुनुहुन्छ ।' यो विषयमा अदालतले थप अनुसन्धान पक्कै गर्नेछ । कुरो अनुशासन र खेलमा फर्कौं । यति बिघ्न उपद्रो भइसक्दा पनि नेपाल क्रिकेट संघ र यसका केही पदाधिकारी सन्दीपको बचाउमा लागेको देखिन्छ ।

यसको आशय स्पष्ट छ- सन्दीप दोषी देखिए, क्रिकेट संघ पनि कारबाहीको भागिदार बन्नसक्छ । प्रहरीको छानबिन र अदालती प्रक्रिया चलिरहँदा क्रिकेट संघका अध्यक्षलगायत एक टोली सञ्चार माध्यममा सन्दीप निर्दोष रहेको दावी गर्दै हिंडेका छन् । यसको अर्थ बन्द प्रशिक्षणको अघिल्लो रात कप्तान होटलबाट गायब हुनु र यो घटना हुनुसँग जोडेर हेर्न सकिन्छ । व्यवस्थापक, प्रशिक्षकसहित बन्द प्रशिक्षणमा होटलमा रहेको टिमका कप्तान अचानक रातभर हिंड्ने छुट कसले दियो ? यो गम्भीर विषयको उठान हुन सकेको छैन । बन्द प्रशिक्षणका दौरान खेलाडीको सबै जिम्मेवारी क्यान व्यवस्थापनको हुन्छ । पारिवारिक कारणले खेलाडी बाहिर जान पनि अनुमति माग्नुपर्छ । यस विषयमा खेलकुद मन्त्रालयले पनि छुट्टै छानबिन समिति बनाएर छानबिन अगाडि बढाउनुपर्ने जरूरी देखिन्छ । क्यानले व्यवस्थापनको विषयमा छानबिन गर्न सकिने बताए पनि अहिलेसम्म कुनै औपचारिक छानबिन समिति गठन गरेको छैन ।

हामीबाट चुनावमा प्रचार प्रसारको आश नगर्नू: *हरिवंश*



चर्चित हास्य कलाकार हरिवंश आचार्यले मंगलबार फेसबुकमा स्ट्याटस लेख्दै आफूहरूबाट चुनावमा प्रचारप्रसारको लागि आशा नगर्न भनेका छन् । 'हामी सबै राजनीतिक दल, सबै उमेदवारका साझा मानिस हौं। ब्यालेटबक्समा खसाल्ने मतपत्रको कुन चिन्ह रोज्ने भन्ने कुरा स्वविवेक हो, उनले भनेका छन्, 'तर कसैको पक्षमा भोट मागन, कसैको प्रचारक हुन सकिँदैन । यो हाम्रो बाध्यता हो । त्यसैले मित्रता, आत्मीयता, नातालाई पबित्र नै राखी चुनावमा हामीबाट प्रचारप्रसारको आशा नगरिदिन अनुरोध गर्दछु ।'

कतिपयले आफूहरूलाई गुण लगाए पनि, गहिरो मित्रता वा नाता गाँसिको पनि हुनसक्ने बताए । निर्वाचनमा पनि ती व्यक्तिहरू नै उम्मेदवार भएपनि प्रचारप्रसारको आश नगर्न भनेका हुन् ।

निर्देशकको नयाँ फिल्ममा कलाकार हेरफेर: मिरुना आउट, शिल्पा इन

काठमाडौं/ 'कबड्डी' फेम्ड निर्देशक रामबाबु गुरुङको आगामी फिल्म 'फूलबारी' छ्यांकनको अन्तिम चरणमा छ । पारिवारिक कथावस्तुमा आधारित यो फिल्ममा कलाकार हेरफेर भएको खबर छ ।

मिरुना मगर र सिर्जना सुब्बा फिल्मबाट बाहिरिएका छन् भने शिल्पा मास्के र 'कबड्डी ४' फेम्ड गौमाया गुरुङको फिल्ममा इन्ट्री भएको छ । दयाहाङ राई, विपिन कार्की, अरुणा कार्की र प्रियंका कार्कीको समेत प्रमुख भूमिका रहेको फिल्ममा मिरुना र सिर्जना हुने छैनन् । निर्देशक गुरुङले कलाकार हेर फेर भएको पुष्टि गरे ।

मिरुनाको ठाउँमा शिल्पा मास्के भिन्निएकी छन् भने सिर्जनाको ठाउँमा गौमाया गुरुङ । लण्डनमा रहेकी मिरुना खराब मौसमको कारण समयमै नेपाल आउन नसकेको र सिर्जना 'छड्के २'को लागि मनाङमा भएकाले आउने तालिका नमिलेकाले उनीहरुलाई फिल्ममा समेट्न नसकिएको गुरुङले बताए ।

उम्मेदवारको प्रचार सामग्री लाइक गर्ने सरकारी कर्मचारीमाथि कारबाही सुरु

काठमाडौं, २५ असोज/ निर्वाचन आयोगले सरकारी तलब भत्ता खाने व्यक्तिले कुनैपनि उम्मेदवारको पक्ष विपक्षमा प्रचार प्रसार गर्न नपाइने भन्दै त्यसबारे आवश्यक कारबाही अघि बढाएको बताएको छ ।

अनुगमनका क्रममा कतिपय कर्मचारी तथा शिक्षकहरुले उम्मेदवारसँग तस्वीर खिचाइ बधाई र शुभकामना दिने, राजनीतिक दल र उम्मेदवारका प्रचार सामग्रीहरुको शेयर र लाइक गरेको पाइएको भन्दै आयोगले उनीहरुमाथि आवश्यक कारबाही थालेको जनाएको छ ।

निर्वाचन आचारसंहिता, २०७२ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गत्का निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत् कर्मचारी विद्यालय, महाविद्यालय या विश्वविद्यालय तथा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षक, सरकारी वा गैह्रसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले पालना गर्नपर्ने आचारणबारे स्पष्ट व्यवस्था गरिएको छ ।

लुम्बिनीका ५ क्षेत्र, जहाँ हुँदैछ पूर्व-सहयात्रीबीच प्रतिस्पर्धा

गठबन्धन तथा तालमेलका कारण एउटा चुनावमा सहयात्री बनेकासँग अर्को चुनावमा प्रतिस्पर्धी बन्नु अहिलेको राजनीतिक व्यवस्थामा सामान्य मान्न थालिएको छ । तर, लुम्बिनी प्रदेशका ५ वटा निर्वाचन क्षेत्रमा २०७४ सालको निर्वाचनमा एउटै पार्टीभित्र रहेर एकअर्काका सारथी बनेकाहरू नै आगामी मंसिर ४ गते हुने निर्वाचनका मुख्य प्रतिस्पर्धी भएर आमनेसामने भएका छन् ।

नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्वविय्को केन्द्रीय अध्यक्ष बनेका अधिकोश नेताहरूले पार्टी राजनीतिमा बलियो पकड जमाए पनि पाल्पाका ठाकुर गैरे भने सधैं पछाडि परिरहे । २०६२/६३ सालको जनआन्दोलन होस् या विभिन्न समयमा भएका निर्वाचनमा होस्, युवाहरूको कमान्डर बनेका गैरे संसदीय निर्वाचनको यात्रामा भने सोमप्रसाद पाण्डेको छायाँमा परिरहे ।

२०५१ साल यताका हरेक निर्वाचनमा पाल्पा क्षेत्र नम्बर २ बाट पाण्डे उम्मेदवार बनिरहे । गैरे भने उनै पाण्डेलाई जिताउने कमान्डरका रूपमा खटिइरहे । २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पराजित बने पनि एमालेबाट पाण्डे निर्वाचित भइरहे । यसपटकको निर्वाचनमा भने यसअघिका निर्वाचनमा उम्मेदवार बनेका तिनै पाण्डे र उनैलाई जिताउन कमान्डर बनेका गैरेका बीचमा रोचक प्रतिस्पर्धा हुँदैछ । एमाले विभाजनअघि माधव नेपाल समूहमा रहेका गैरे र पाण्डे पार्टी विभाजनपछि अलगअलग पार्टीमा रहेपछि निर्वाचनमा आमनेसामने भएका हुन् ।

पार्टी विभाजनका बेला एउटै पार्टीभित्र, एउटै क्षेत्रमा दुई नेता रहँदा कहिल्यै अवसर नपाइने भन्दै गैरे र पाण्डेलाई अलगअलग पार्टीमा लाग्न नेता तथा कार्यकर्ताहरूले सुझावसमेत दिएका थिए । माधव नेपालका सम्भिसमेत रहेका पाण्डे एकीकृत समाजवादीमा गएपछि गैरेका लागि संसदीय राजनीतिको बाटो खुला भएको हो ।

अहिले गैरे एमालेबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बनेका छन् भने पाण्डे एकीकृत समाजवादीबाट उम्मेदवार छन् । पाण्डे एमालेमा रहुन्जेल सधैं उनको छायाँमा परिरहेका गैरे आफैं उम्मेदवार बनेको पहिलो हो ।

२०७४ सालको निर्वाचनमा गुल्मी क्षेत्र नम्बर २ बाट एमालेका गोकर्ण विष्ट निर्वाचित हुँदा निर्वाचनको कमान्डर रामकुमारी झाक्रीले सम्हालेकी थिइन् । अघिल्लो निर्वाचनमा विष्टलाई निर्वाचित गराउन दरिलो खम्बा बनेकी झाक्री अहिले उनै विष्टको आमनेसामने हुँदै उम्मेदवार बनेकी छन् ।

यसअघि पार्टीभित्र समेत माधव नेपाल समूहमै रहेका विष्ट र झाक्री पार्टी विभाजनपछि अलगअलग पार्टीमा रहेपछि राजनीतिक बाटो पनि फेरिएको छ । विष्ट एमालेका सचिव छन् भने झाक्री एकीकृत समाजवादीकी सचिव छिन् । सरकारमा मन्त्री रहँदा जनताको मन जित्ने गरी काम गरेको भन्दै दुबै जनाले प्रशंसा बटुलेका थिए । अहिले विष्ट एमालेबाट क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन् भने झाक्री सोही क्षेत्रमा सत्ता गठबन्धनबाट उम्मेदवार बनेकी छन् ।

२०५६ सालको निर्वाचनदेखि गुल्मी-२ मा एमालेबाट उम्मेदवार बन्दै आएका विष्टले २०६४ सालको पहिलो संविधानसभा निर्वाचनबाहेक तीनवटै चुनावमा जीत हात पारेका थिए । अनेरास्वविय्को पूर्वअध्यक्षसमेत बनिसकेकी झाक्री एमालेको समानुपातिक सांसद्हूँ सांसद् छिर्ने मौका पाए पनि संसदीय निर्वाचनमा प्रत्यक्ष उम्मेदवार बनेको पहिलो हो ।

उम्मेदवारी दर्ता गर्ने एकदिन पहिलेसम्म एउटै दलमा रहेका सहयात्रीहरू नै निर्वाचनमा आमनेसामने भएपछि लुम्बिनी प्रदेशमा रूपन्देहीको क्षेत्र नम्बर-१ सबैभन्दा बढी चर्चामा छ । २०७४ सालको निर्वाचनमा नेपाली कांग्रेसका अब्दुल रज्जाकलाई पराजित गर्दै निर्वाचित भएका नेकपा एमालेका सचिव छविलाल विश्वकर्मा यसपटक सोही क्षेत्रबाट उम्मेदवार बनेका छन् ।

अघिल्लो निर्वाचनमा राप्रपाको समेत समर्थन रहेका रज्जाकलाई सहजै परीजत गरेका विश्वकर्माले यसपटक मनोनयनको एकदिन पहिलेसम्मसँगै रहेका सहयोद्धा घनश्याम भुसालसँग प्रतिस्पर्धा गर्नुपर्ने छ । असोज २२ गतेमात्र एमाले परित्याग गरेका भुसालले क्षेत्र नम्बर-१ बाट गठबन्धनको सहयोगमा उम्मेदवारी दिएका छन् । भुसालले स्वतन्त्रबाट उम्मेदवारी दिएको दाबी गरेपनि सो क्षेत्रमा गठबन्धनले कुनैपनि उम्मेदवारी दिएको छैन ।

भुसालले समेत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको सल्लाहपछि उम्मेदवारी दिएको स्वीकार गरेका छन् । पार्टीभित्र शालीन तथा सरल नेताको पहिचान बनाएका विश्वकर्मा र वाम राजनीतिमा बौद्धिक नेताका रूपमा चिनिने भुसालबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । भुसालले २०७४ सालको चुनावमा रूपन्देही क्षेत्र नम्बर-३ बाट राप्रपाका दीपक बोहोरालाई पराजित गरेका थिए । आफ्नो मतदान क्षेत्र समेत १ नम्बर क्षेत्रमा रहेकाले यसपटक भने उनले क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिने चाहना व्यक्त गरेका थिए । तर एमालेले विश्वकर्मालाई नै अगाडि सारेपछि अन्तिम समयमा पार्टीबाटै राजीनामा दिएर विश्वकर्मासँगै प्रतिस्पर्धामा उत्रिएका हुन् । रूपन्देही क्षेत्र नम्बर २ मा पनि एमालेबाट विष्णु पौडेल र सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका राजु गुरूङबीच प्रतिस्पर्धा हुँदैछ ।

यसअघि एमालेमै रहेर राष्ट्रिय युवासंघको केन्द्रीय उपाध्यक्ष समेत रहेका गुरूङ र एमालेका उपाध्यक्ष, पूर्व उपप्रधान तथा अर्थमन्त्री समेत रहेका पौडेलका बीचको प्रतिस्पर्धालाई भने हल्का रूपमा लिइएको छ ।

राष्ट्रिय राजनीतिमा पौडेलले बनाएको उचाइ र यो क्षेत्रमा विकास निर्माणमा गरेको अगुवाइका कारण पौडेलसँग गुरूङको प्रतिस्पर्धालाई गठबन्धन भित्रैबाट कमजोर मानिएको छ । २०५६ सालको संसदीय चुनावमा पहिलो पटक नेपाली कांग्रेसका सूर्यप्रसाद प्रधानलाई पराजीत गरेका पौडेल त्यसयता पनि तीनवटा निर्वाचनमा यही क्षेत्रबाट लगातार विजयी बन्दै आएका छन् ।

रूपन्देहीमा भएका अधिकांश विकास निर्माणका आयोजनामा अगुवाइ गरेका पौडेलले एमालेभित्र मात्र नभई फरक दलहरूभित्र पनि समन्वयकारी नेताका रूपमा आफ्नो पहिचान स्थापित गरेका छन् । उता एमालेमा रहँदा पटकपटक कारवाहीमा परेका गुरूङ भने विभिन्न ठेक्कापट्टा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा समेत निर्भीक खनालसँगै विवादित बनेका थिए ।

यस्तै यसअघि एउटै दलका सहयात्रीहरू आगामी निर्वाचनमा मुख्य प्रतिस्पर्धी रहेको लुम्बिनीको अर्को क्षेत्र दाङको क्षेत्र नम्बर-१ पनि हो । सो क्षेत्रमा नेकपा एमालेकी शान्ता चौधरी र एकीकृत समाजवादीका नेता मेटमणि चौधरीका बीचमा प्रतिस्पर्धा हुँदैछ । पार्टी विभाजन अघिसम्म एउटै पार्टीका सहयात्री रहेका उनीहरूबीचको निर्वाचन निकै रोचक मानिएको छ । २०७४ सालको निर्वाचनमा मेटमणिलाई जिताउन कस्सिएकी शान्ता अहिले उनकै प्रतिस्पर्धी बनेर उभिएकी छन् ।

कम्लहरी मुक्ति आन्दोलनबाट राजनीतिमा उदाएकी शान्ता २०६४ र २०७४ सालमा समानुपातिक सांसद् भइसके पनि प्रत्यक्ष उम्मेदवारी पहिलो पटक हो । हाल सहरी विकास मन्त्रीसमेत रहेका मेटमणिका लागि भने प्रत्यक्ष उम्मेदवारी नयाँ होइन । दुई वर्षअघिसम्म एकअर्काले नेता मानेकाहरूसँगको प्रतिस्पर्धा कस्तो रहन्छ, त्यसको नतिजा हेर्न मंसिर ४ पर्खिनुपर्ने हुन्छ । तर, एउटै विचार र सिद्धान्त अँगालेर राजनीतिमा होमिएकाहरूबीचको प्रतिस्पर्धालाई भने निकै रोचक रूपमा हेरिएको छ । *(साभार:क्षेतोपाटीबाट)*

चौधरी र थारुको उम्मेदवारी खारेज

साझाकुरा संवाददाता

काठमाडौं, २५ असोज/ नागरिक उन्मुक्ति पार्टीका दुई प्रतिनिधिसभा सदस्य उम्मेदवारको उम्मेदवारी खारेज भएको छ । टीकापुर घटनामा दोषी ठहर भएर कैद सजाय काटिरहेका रेशम चौधरी र फरार रहेका लक्ष्मण थारुको उम्मेदवारी खारेज भएको हो । चौधरीले बर्दिया-२ मा र थारुले कैलाली-५ मा उम्मेदवारी दिएका थिए ।

७ भदौ २०७२ मा सुरक्षाकर्मीसहित ९ जनाको ज्यान जाने गरी कैलालीको टीकापुरमा हिंसात्मक झडप भएको थियो । यो घटनामा संलग्नताको अभियोग लागेका चौधरीलाई कैलाली जिल्ला अदालतले जन्मकैद र थारुलाई ३ वर्ष कैदको सजाय सुनाएको थियो । तर, उच्च अदालत डोटीले चौधरी र थारु दुबैलाई जन्मकैदको सजाय सुनाएको थियो ।

फौजदारी मुद्दामा दोषी ठहर भएको व्यक्ति उम्मेदवार भएको भन्दै परेको उजुरीमाथि सुनुवाइ गर्दै निर्वाचन अधिकृतको कार्यालयले दुबैको उम्मेदवारी खारेज गरेको हो । बर्दिया-२ का निर्वाचन अधिकृत नगेन्द्र लम्सालले निरन्तर कैदमा रहेका व्यक्ति कैदमा रहँदासम्म उम्मेदवार हुन नसक्ने कानुनी व्यवस्था भएकाले रेशमको उम्मेदवारी खारेज भएको बताए ।

'उहाँ २०७४ फागुन १४ देखि निरन्तर कैदमा रहेको भनी डिल्लीबजार कारागारले हामीलाई पत्र दिएको छ, उच्च अदालत डोटीबाट पनि उहाँ दोषी ठहर भएको पत्र दिएको छ' उनले भने, 'उहाँ प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को दफा १३ (झ) अनुसार उम्मेदवार हुन अयोग्य हुनुभयो ।'

कैलाली-५ का उम्मेदवार लक्ष्मण थारु पनि फौजदारी मुद्दामा जन्मकैदको सजाय पाएको व्यक्ति भएको भन्दै निर्वाचन अधिकृत ओमप्रकाश अर्यालले उम्मेदवारी खारेजीको निर्णय गरेका हुन् ।

रेशमविरुद्ध बर्दिया-२ का माओवादी केन्द्रका उम्मेदवार सुरेश पन्थले र लक्ष्मणविरुद्ध कैलाली-५ का स्वतन्त्र उम्मेदवार रामबहादुर सिंहले उजुरी दिएका थिए । रेशम यसअघि २०७४ सालमा कैलाली-१ मा तत्कालीन राष्ट्रिय जनता पार्टीबाट निर्वाचित भएका थिए । टीकापुर घटनामा संलग्नताको आरोपमा मुद्दा खेपिरहेका उनी फार रहेकै अवस्थामा उम्मेदवारी दर्ता गराएका थिए ।

चुनाव जितेपछि अदालतमा आत्मसमर्पण गरेका चौधरीले पुर्पक्षका लागि थुनामै रहेका बेला ११ पुस २०७५ मा सांसद पदको शपथ लिएका थिए । २२ फागुन २०७५ मा जिल्ला अदालत, कैलालीले जन्मकैदको फैसला सुनायो भने उच्च अदालत, दिपायलले ३ पुस २०७७ मा त्यसलाई सदर गरेको थियो ।

उनीसम्बद्ध पार्टी राजपा (पछि जसपा) ले रेमशको रिहाइको माग लगातार उठाइरह्यो, तर दुई तहको अदालतबाट पैसला भइसकेको मुद्दामा सर्वोच्चबाट फैसला नभई त्यो सम्भव थिएन । आफू रिहा हुने नदेखेपछि चौधरीले श्रीमती रञ्जिता श्रेष्ठको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टी गठन गराएका थिए ।

३० वैशाखको चुनावमा यो दलले कैलालीको ४ वटा पालिकाको नेतृत्व जित्यो भने आसन्न प्रतिनिधिसभा र प्रदेश सभाका लागि कैलाली, कञ्चनपुर, बर्दियालगायतका तराई मधेसका जिल्लामा उम्मेदवार उठाएको छ । रञ्जिता भने कैलाली १ बाट प्रतिनिधिसभा उम्मेदवार छिन् ।

किसानहरूलाई धान सम्हाल्ने चटारो

दशै भर्खरै सकिएको छ । चाडवाडसँगै वर्षायाममा लगाएको धानबाली पाकेर भिऱ्याउने बेला हुँदै गर्दा किसानहरूमा यतिबेला अर्को उत्साह थपिएको छ । धानबाली पाकेर पहेंलै खेत हुँदा मौसमले भने किसानहरूलाई खासै साथ दिएको छैन । पाकेको धान काटेर भिऱ्याउने बेला झरी पर्दा बाली खेतमा लत्रेको छ । मौसमकै कारण किसानहरूमा धान सम्हाल्ने चटारो थपिएको छ । तैपनि कतिपयले ओभानो ठाउँको धान उठाउन थालेको देखिन्छ ।

ललितपुरको भैंसेपाटी नजिकै रहेको खेतमा सोमबार यस्तै दृश्य देखियो । फाँटहरू पाकेको धानले सुन्दर देखिएका थिए । किसानहरू पहेंलो धानखेतका बीचमा थिए । कोही धान काट्दै त कोही

ढलेको धान हिलोबाट बचाउन उठाउँदै गरेका । केही किसान ओभानो ठाउँको धान झाँट्दै थिए भने कोही केलाउँदै । केही किसान धान बोकेर घर लैजाँदै थिए । केही भने धानको बाला सम्हाल्दै ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

खानेपानीदेखि वातावरण अनुकूलनमा राडोको काम

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ मकवानपुरको ग्रामीण जागरण विकास संस्था नेपाल (राडो नेपाल)ले २९ औं साधारणसभा गर्दै गतवर्षमा भएका कामको प्रगति प्रस्तुत गरेको छ ।

हेटौंडामा भएको राडो नेपालको साधारणसभामा प्रस्तुत प्रतिवेदन अनुसार संस्थाले मकवानपुर मा आर्थिक वर्ष २०७८/०७९ मा ७ करोड २३ लाख बजेटको विभिन्न कार्यक्रम गरेको छ । राडोले शिक्षा, स्वास्थ्य, खानेपानी, बालमैत्री शासन, बाल विवाहबिरुद्धलगायत विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गरेको जनाइएको छ ।

प्लान इन्टरनेशनल नेपालसँगको सहकार्यमा सञ्चालित विपद् जोखिम न्यूनीकरण जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, खानेपानी योजना निर्माण मर्मत सुधार, कोभिड प्रभावित परिवार, पालिकालाई

सहयोग, बाल संरक्षण तथा मानव बेचबिखनबिरुद्ध कार्यक्रम र प्रत्याभूत संचार कार्यक्रमअन्तर्गत् कार्यक्रमहरु गरेको राडोका अध्यक्ष कृष्ण धिताल्ले जानकारी दिए ।

राडोले जिल्लामा खानेपानी योजना निर्माण ३ वटा योजना पूरा गरेको छ । खानेपानीको योजनाबाट मकवानपुरगढी र मनहरी गाउँपालिकाको १ सय ६४ घरधुरी लाभान्वित भएका छन् । मनहरी, भीमफेदी र बागमती गाउँपालिकामा खानेपानी योजना निर्माण मर्मतसुधार अन्तर्गत् ९ वटा विद्यालयहरुमा काम गरिएको छ । यसैगरी, कोभिड प्रभावित १ सय ४० परिवारलाई खाद्यान्न सहयोग गरिएको संस्थाले जनाएको छ । जसमा प्रतिपरिवार १३ हजार ५ सयको दरले सहयोग गरिएको थियो ।

संस्थाले कोरोना भाइरसको महामारीको बेलामा मास्क लगाउ अभियान नै सञ्चालन गरेको थियो । कोभिडविरुद्धको खोप अभियानमा ३ सय महिला स्वास्थ्य स्वयमसेविका परिचालन गरी जिल्लाको १० वटै स्थानीय तहका अस्पतालहरुमा कोभिडविरुद्धका मेडिकल सामग्री सहयोग गरेको थियो । संस्थाले बालमैत्री स्थानीय शासनयुक्त पालिका निर्माण तथा घोषणामा समेत सहयोग गर्दै आएको छ । यसैगरी बाल विवाह, मानब बेचबिखनविरुद्धका अभियानहरु गर्दै आएको राडोका कार्यक्रम संयोजक दीपेन्द्र पाठकले बताए ।

राडो नेपालले जिल्लाको ४ वटा पालिकाहरुमा बाल आकस्मिक कोष स्थापना तथा कार्यविधि निर्माणमा सहयोग गरेको जनाएको छ । २ पालिकाहरुमा स्थानीय आपत्तकालीन कार्य संचालन कक्ष स्थापना, कार्यविधि निर्माण तथा सामग्री सहयोग गरेको जनाएको छ । संस्थाले विगतमा भुकम्पमा परेर आवास गुमाएका ७ सय ५६ परिवारलाई ५ लाख बराबरको आवास नै निर्माण गरी हस्तान्तरण गरेको थियो । राडोले जिल्लास्थित अधिकांश गाउँपालिकामा झोलुङे पुल निर्माण गरेको छ । अध्यक्ष धितालको सभाध्यक्षता तथा मकवानपुरका प्रजिअ राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

डेंगु कारण मनहरी गोल्डकप रोकियो

हेटौंडा, २५ असोज/ लामखुट्टेको टोकाईबाट हुने डेंगु संक्रमणका कारण मकवानपुर प्रभावित बनिरहेको अवस्थामा खेल क्षेत्रमा पनि असर पुग्न थालेको छ ।

डेंगु संक्रमण बढिरहेको अवस्थालाई मध्यनजर गर्दै जिल्लाको पश्चिम क्षेत्रस्थित मनहरीमा आयोजना गर्न लागिएको गोल्डकप फुटबल रोकिएको छ । २४ असोजबाट हुने भनिएको मनहरी गोल्डकप नकआउट फुटबल प्रतियोगिता स्थगित भएको हो। पछिल्लो समय देशभर फैलिरहेको डेंगु संक्रमणलाई मध्यनजर गर्दै प्रतियोगिता स्थगित गरिएको फुटबल क्लब मनहरीले सूचना जारी गर्दै जानकारी दिएको छ । क्लबका अध्यक्ष शुसिलकुमार ब्लोनले प्रतियोगिता स्थगित गरिएको बताए ।



नेपालीहरुको महान् पर्व शुभ दिपावलीको पावन अवसरमा क्लबले मनहरी गोल्डकपको आयोजना गर्न लागेको थियो । स्थगित गरिएको प्रतियोगिता वातावरण अनुकूल हुनेवित्तिकै सञ्चालन गरिने जनाइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई १ लाख १ सय तथा शिल्ड, मेडल र प्रमाण पत्र र दोस्रो हुने टिमलाई ५० हजार ५० रुपैयासहित शिल्ड मेडल र प्रमाणपत्रसहितको पुरस्कार राशी राखिएको थियो ।

स्वस्तिकाले महासंघ अध्यक्ष बनेर हेर्दा

हेटौंडा, २५ असोज/ अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा देशभर गर्ल्स टेकओभर कार्यक्रमअन्तर्गत् मकवानपुरमा पत्रकार महासंघको अध्यक्ष एक बालिका बनेकी छन् ।

स्वस्तिका बानियाँ मंगलबार नेपाल पत्रकार महासंघ, मकवानपुरको अध्यक्ष बनेर कार्यक्रम चलाएकी छन् । महासंघका अध्यक्ष मणिराज गौतमले खादा ओढाएर बानियाँलाई महासंघको अध्यक्षको पदभार ग्रहण गराएका थिए । अध्यक्ष बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा गौतम प्रमुख अतिथि रहेका थिए । प्लान इन्टरनेशनल, राडो नेपालसहितका विभिन्न संस्थाहरुको सहयोगमा गर्ल्स टेकओभर कार्यक्रम गरिएको थियो । बालिका दिवसको अवसरमा मकवानपुरसहित देशभर एकसयभन्दा बढी स्थानमा गर्ल्स टेकओभर कार्यक्रम गरिएको प्रोटेक्सन परियोजनाका कार्यक्रम अधिकृत राजेन्द्र लामाले बताए ।

हरेक वर्ष गर्ल्स टेकओभर कार्यक्रम गर्ने गरिन्छ । कार्यक्रममा रेल मोडल सविता परियारले ज्ञापनपत्र प्रस्तुत गरेकी थिइन् भने गतवर्ष मनहरी गाउँपालिकाको उपाध्यक्ष बनेकी अनुजा गुरुङले आफ्नो अनुभव सुनाएकी थिइन् ।

क्षतिको लगत संकलन गर्दै राक्सिराङ

साझाकुरा संवाददाता

हेटौंडा, २५ असोज/ राक्सिराङ गाउँपालिकाले बिजया दशमीमा निरन्तर परेको वर्षाका कारण भएका क्षतिको लगत संकलन गर्ने भएको छ ।

जिल्लाकै विकट राक्सिराङ पहिरो र बाढीको जोखिम क्षेत्र हो । यहाँ हरेक वर्ष बाढी र पहिरोबाट जनधनको क्षति हुने गरेको छ । केही दिनअघि लगातार ३ दिनसम्म परेको पानीका कारण राक्सिराङ गाउँपालिकामा मानवीय क्षतिसमेत भएको थियो भने कतिपय स्थानमा पशु चौपाया तथा बालीनालीमा क्षति पुगेको थियो । गाउँपालिकाले मंगलबार सूचना जारी गर्दै ३ दिनभित्र गाउँपलिकाभित्र मानवीय, पशु चौपाया, खेतीपाती लगायत धनजनको क्षति विवरण आफ्नो वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा बुझाउन अनुरोध गरिएको छ ।

गाउँपालिकाले विवरण संकलन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । वास्तविक क्षति भएको अवस्थामा गाउँपालिकाअन्तर्गत्का कार्यविधि अनुसार क्षतिपूर्तिसमेत प्रदान गरिने उनको भनाइ छ । राक्सिराङमा पहिरोले पुरिँदा १ जनाको मृत्युसमेत भएको थियो । मृतक परिवारलाई भने गाउँपालिकाको तर्फबाट किरिया खर्च स्वरुप २५ हजार प्रदान गरिने र जिल्ला विपद् व्यवस्थापन समितिबाट मृतकका परिवारलाई २ लाख क्षतिपूर्ति दिइने अध्यक्ष मल्लले बताए ।

नवौं राष्ट्रिय खेलकुद

फेन्सिङमा राजेन्द्र, रमा र ओमकारलाई स्वर्ण

काठमाडौं/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको फेन्सिङमा दोस्रो दिन सशस्त्र प्रहरी बल (एपीएफ) क्लबका राजेन्द्र गजुरेल, विभुवन आर्मी क्लबकी रमा सिंह र बागमती प्रदेशका ओमकार सिंहले स्वर्ण पदक जितेका छन् ।

राजेन्द्रले पुरुष एकल सेवरतर्फ, रमाले महिला फोयलमा र ओमबारले पुरुषतर्फको इपिमा स्वर्ण पदक जितेका हुन् । एपीएफका राजेन्द्रले राष्ट्रिय खेलकुदमा पहिलोपटक स्वर्ण पदक जितेका हुन् । उनले यस अगाडि सातौं राष्ट्रिय खेलकुदको टिम इभेन्टमा रजत र आठौंमा टिम र एकल स्पर्धामा गरी दुईमा रजत पदक जितेका थिए ।

पुरुष सेवर स्पर्धामा विभुवन आर्मीका उपेन्द्रबहादुर शाहीले रजत पदक जिते । आर्मी कै र घुविर चन्द्र र एपीएफका खेमराज खत्रीले कास्य पदक जिते ।

महिलातर्फको फोयलमा स्वर्ण पदक बिजेता सिंहले सातौं राष्ट्रिय खेलकुदमा पनि स्वर्ण पदक जितेकी थिइन् । उनले आठौंमा भने रजत पदक जितेकी थिइन् ।

यस स्पर्धामा एपीएफकी मनिषा राईले रजत पदक जितिन् । एपीएफकै मनिसा थापा र अनिता अधिकारीले कास्य पदक हात परे ।

पुरुष इपि स्पर्धामा स्वर्ण पदक जित्न सफल ओमकारले आठौं राष्ट्रिय खेलकुदमा पनि स्वर्ण पदक जितेका थिए । पुरुष इपिमा आर्मीका राम थापाले रजत पदक जिते । गण्डकी प्रदेशका बिजय अधिकारी र एपीएफका मिन कार्कीले कास्य पदक जिते । गण्डकीका बिजयले पहिलोपटक पदक हात परेका हुन् ।

फेन्सिङको अंक तालिकाअनुसार विभुवन आर्मी शीर्ष स्थानमा छ । आर्मीले दुई स्वर्ण, ३ रजत र ४ कास्यसहित कूल ९ पदक जितेको छ ।

बागमती प्रदेश २ स्वर्ण, १ रजत र १ कास्यसहित कूल ४ पदक जितेर दोस्रो स्थानमा छ ।

एपीएफ १ स्वर्ण, २ रजत र ६ कास्यसहित कूल ९ पदक जितेर तेस्रो स्थानमा छ । सुदूरपश्चिम प्रदेश १ स्वर्ण पदकसहित चौथो स्थान छ । गण्डकी प्रदेश १ कास्य जितेर पाचौं स्थानमा छ । प्रदेश-१ ले अहिलेसम्म पदक जित्न सकेको छैन ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बाखा विकास फार्म
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति: २०७९/०६/२६
यस कार्यालयको मिति २०७९/०५/१५ गते *साझाकुरा* राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचनाबमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याकित सारभूतरुपमा प्रभावग्राही भै स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाता तथा सबैमा जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	सूचना नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाता	कबोल अंक (भ्याटबाहेक)
१	Goods1/2079/080	दाना चोकर आपूर्ति गर्ने	दाजुभाइ सप्लायर्स, हेटौंडा उ.म.न.पा.-१६	२५,६०,०११/१०

फार्म प्रबन्धक

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना
यस Jumbo Moters Pvt.Ltd कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं	मालबस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मुलुक/राष्ट्र	इकाई	अधिकतम खुद्रा इकाई मुल्य-MRP	कैफियत
१.	Electric Bicycle 10 Ah	240 watt	Jumbo	-	48volt	China	120 PCS	73,000.00	
२.	Electric Bicycle 20 Ah	240 watt	Jumbo	-	48 volt	China	88 PCS	90,000.00	

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577

प्राइम लाइफ
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९
हकदाबी सम्बन्धी सूचना
यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।
तपसिल

फ.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
०१.	५४७००७९५६	सञ्जय राई	वडा०-०७, मकवानपुर

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

पसल बिक्रीमा
स्कुलरोडमा चालु अवस्थामा रहेको
अति व्यस्त कपडा पसल विशेष
कारणले बिक्रीमा ।
फोन नं.: ९८४५४८७२३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२९११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोस्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना